बैठक संख्या ४०

कार्यपालिका वैठक मिति २०७५।१०।१५

## निर्णय नं. १

इटहरी उपमहानगरपालिकाको भवन निर्माण ऐन तथा भवन निर्माण अनुमति प्रकियाको कार्यविधि माथि छलफल भयो ।

## निर्णय नं. २

गत आ.व.मा संचालित भौतिक पुर्वाधार तर्फका योजनाको म्याद २०७५ कार्तिक मसान्त सम्म थप गरिएकोमा सो अवधिमा पनि कार्य सम्पन्न नभएका निम्न योजनाहरुको म्याद २०७५ फागुन मसान्त सम्म थप गरी कार्य सम्पन्न भै आएका योजनाहरुको भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

१. भुर्की देखि नहर सम्म कालोपत्रे निर्माण कार्य इटहरी ८
२. शम्भुनाथ बाटो ग्रावेल उपभोक्ता समिति इटहरी १५
३. जनजागृती आधारभूत विद्यालय इटहरी १७
४. कर्ल्भट निर्माण कार्य इटहरी १७
५. मुस्लिम टोल र मस्जिद जाने बाटो इटहरी १३
६. अमाहा देखि बिसनपुर सम्म जाने बाटो केट जाली इटहरी १९
७. पानी पिया खोला देखि वडा नं. २० को सिमाना सम्म इटहरी २०
८. ओमशान्ती मार्ग कालोपत्रे इटहरी २०
९. सप्तकोशी लोकमार्ग इटहरी २०
१०. कन्चन चोक ग्रामथान घेराबेरा इटहरी १
११. विर नारायण मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति इटहरी ११

## निर्णय नं. ३

इटहरी उप महानगरपालिकाको आर्थिक ऐन,२०७५ र कर ऐन २०७५ माथि छलफल भयो ।

## निर्णय नं. ४

इटहरी उपमहानगरपालिकाको कार्यालय भवन मर्मत कार्यको लागत अनुमान रु. १,१०,४३,७६१.७४ मु.अ.कर समेत स्वीकृत भई २६.०७ प्रतिशत घटी रु. ८१,६५,०८७.२४ मु.अ.कर समेतमा ठेक्का सम्झौता भई कार्यान्वयन गर्ने चरणमा लागत अनुमान तयार गर्दा ट्रस आईटममा दुवै तर्फको हुनुपर्नेमा गल्तीले एक तर्फको मात्र लागत अनुमान भएको तर दुवै तर्फको ट्रसको लागत अनुमान हुनुपर्ने, रंगरोगनको आईटम लागत स्टीमेट भन्दा बढ्न गएको साथै भेरिएशन गर्नु पर्ने संलग्न प्राविधिक पुष्ट्र्याइको आधारमा विभिन्न आईटममा बढ्न गएको भेरिएशन रकम रु. ११,५९,३१६.१९ सम्झौता रकमको १४.१९ प्रतिशत भेरिएशन स्वीकृत गरी कुल ठेक्का रकम रु. ९३,२४४०३.४३ मु.अ.कर समेत (दर आईटमहरु सम्झौता बमोजिमकै २६.०७ प्रतिशत दर घटी हुने गरी) स्वीकृत गर्ने निर्णय गरियो । साथै निज निर्माण व्यवसायी अनु निर्माण सेवाले म्याद थपका लागि निवेदन माग गरे अनुसार २०७५।१२।०७ सम्मको म्याद थप गर्ने निर्णय गरियो ।

नि० प्रमुख प्रशासकीय अधिकृत